पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कृषि बिकास शाखा
पाखीबास, धनकुटा
२०७३
१ नं. प्रदेश, नेपाल

प.सं.:-२०७८/०७९
च.नं

दोश्रो पटक प्रकाशित मिति :-२०७९/०१/०९
आबेदन पेश गर्ने अन्तिम मिति :-२०७९/०१/२३

विषय : प्रस्ताव आह्वान सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा यस पाखीबास नगरपालिका कार्यालयको आर्थिक बर्ष २०७८/०७९ सालको बार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यवसाय उन्मुख कृषि फर्मलाई सहयोग कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत सुन्तला जात फलफूलको साना व्यवसायिक कृषि उतपादन केन्द्र (पकेट) बिकास कार्यक्रम संञ्चालन अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ पाखीबास नगरपालिका क्षेत्रभित्रका ईच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्म, जल उपभोक्ता समिति र उद्यमीहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ औ दिन हुनु पर्नेमा ७ दिन भएकोले आबेदन पेश गर्ने अन्तिम मिति :- २०७९/०१/२३ गते भित्र पाखीबास नगरपालिका, कृषि बिकास शाखामा प्रस्ताव दर्ता गर्नहुन जानकारी गराईन्छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएको प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ । थप जानकारीको लागी पाखीबास नगरपालिका कृषि बिकास शाखामा सम्पर्क राख्न सकिने छ ।

संञ्चालन हुने कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम/कृयाकलापहरुको बिवरण | परिमाण | प्रति इकाई साझेदारी रकम रु हजारमा | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुन्तला जात फलफूलको साना व्यवसायिक कृषि उतपादन केन्द्र (पकेट) बिकास कार्यक्रम संञ्चालन | १ | १२०० | कृषक समुह/ कृषि सहकारी/कृषि फर्म/उद्यमी/ जलउपभोक्ता समिति | पा.न.पा. सबै वडाहरु |
| २ | व्यवसाय उन्मुख कृषि फर्मलाई सहयोग कार्यक्रम | ३ | ८०० | कृषक समुह/ कृषि सहकारी/कृषि फर्म/उद्यमी/ जलउपभोक्ता समिति | पा.न.पा. वडा नं. १० मात्र । |
| | | | | | |

प्रस्ताव साथ संलग्न गर्नुपर्ने आवाश्यक कागजातहरु

१. रु.१० को टिकट टास गरिएको निवेदन ।
२. कृषक समुह, कृषि सहकारी, कृषि फर्म, उद्यमी, जल उपभोक्ता समितिहरुको निणय प्रतिलिपी ।
३. कृषि व्यवसाय गर्ने अनुसुची २ अनुसारको प्रश्ताव ।
४. कृषक समुह, कृषि सहकारी, कृषि फर्म, उद्यमी, जल उपभोक्ता समितिहरुको नविकरण प्रमाण पत्र, स्थायी लेखा नम्बर र गत आ.ब.को करचुक्ता प्रमाण पत्र प्रतिलिपी, ।
५. कृषि सहकारी, कृषि फर्महरुको हकमा गत सालको लेखा परिक्षण भएको प्रतिलिपी प्रतिबेदन ।
६. जग्गा धनीपुर्जा, जग्गा करारमा लिएको भए अधिकार प्राप्त कानुन व्यवसायी मार्फत तयार गरेको संम्झौता पत्रको प्रतिलिपी ।
७. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागी अन्य निकाय बाट अनुदान नलिएको र नलिने स्व घोषण पत्र पेश गर्नु पर्ने छ ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
९. नेपाली नागरिकताको प्रमाण पत्र ।

२०७९/०१/०९

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"पाख्रीबासको दृष्टि: शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"
फोन नं.: ०२६-४०५१६५, वेबसाइट: www.pakhribasmun.gov.np
ईमेल: pakhribas.nagarpalika@gmail.com